वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७२ २०८३ असार २१ गते आइतबार, नेपाल सम्वत् ११४६ July 05, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## पाहुनालाई स्वागत

तनहुँका व्यास नगरपालिका-१४ रूम्सी सामुदायिक होमस्टेमा पुगेका पाहुनालाई फूलमाला र टिकाले स्वागत गर्ने तयारीमा होमस्टे सञ्चालक महिलाहरू । लाहुरेको गाउँका रूपमा परिचित रूम्सीलाई गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाले नवप्रवर्द्धन कार्यक्रम मार्फत होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेसंगै अहिले ग्रामीण पर्यटकीय गाउँको रूपमा परिचित हुन थालेको छ । स्थानीय खानाका परिकार, मगर समुदायको संस्कार संस्कृतिका कारण पछिल्लो समय आन्तरिक तथा वाह्य पर्यटक होमस्टेमा पुग्न थालेका छन् ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# निर्माणाधिन तनहुँ जलविद्युत आयोजनाको प्रगति ७५.५ प्रतिशत

## बाँध निर्माण तीव्र, विद्युतगृह अन्तिम चरणमा, प्रसारण लाइनको ७८ प्रतिशत काम सकियो

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

राष्ट्रिय गौरवको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको समग्र भौतिक निर्माण प्रगति ७५.५ प्रतिशत पुगेको छ । आयोजनाको बाँध, विद्युतगृह तथा प्रसारण लाइन निर्माण निर्धारित लक्ष्यअनुसार अघि बढिरहेको छ भने सामाजिक, वातावरणीय संरक्षण तथा आयोजना प्रभावित क्षेत्रमा सामुदायिक विकासका कार्यक्रमसमेत समानान्तर रूपमा सञ्चालन भइरहेका छन् ।

नेपाल विद्युत् प्राधिकरणको पूर्ण स्वामित्वमा रहेको तनहुँ हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजना नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण तथा एसियाली विकास बैंक (एडीबी), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र युरोपेली लगानी बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भइरहेको हो ।

आयोजनाअन्तर्गत १४० मिटर अग्लो मुख्य बाँध तथा हेडवर्क्स (प्याकेज-१) को निर्माण प्रगति ५९ प्रतिशत पुगेको छ । निर्माण कम्पनी सोङदा-कालिका जेभीले सेती नदीलाई डाइभर्सन सुरूङमार्फत पथान्तरण गरेपछि २०८१ चैत ७ गतेदेखि मुख्य बाँधको कंक्रिटिङ सुरु गरेको थियो । हाल दायाँ र बायाँ किनारमा ग्राउटिङ ग्यालरी सुरूङ, ड्रिलिङ तथा कंक्रिटिङको काम तीव्र रूपमा भइरहेको आयोजनाले जनाएको छ ।

विद्युतगृह तथा उपकरण जडान (प्याकेज-२)को निर्माण भने अन्तिम चरणमा पुगेको छ । चीनको सिनो हाइड्रो कर्पोरेसनले निर्माण गरिरहेको यस प्याकेजको प्रगति ७७ प्रतिशत पुगेको छ । भूमिगत संरचनाको उत्खनन तथा विद्युतगृह, सर्ज ट्याङ्क, केवल सुरूङ र टेलरेस संरचनाको कंक्रिटिङ सम्पन्न भइसकेको छ। अहिले टर्बाइन, जेनेरेटर, मुख्य इन्लेट भल्भलगायतका इलेक्ट्रोमेकानिकल उपकरण जडान भइरहेको छ । २१३.३ मिटर लामो पेनस्टक पाइपमध्ये २११.३ मिटर जडान सम्पन्न भई परीक्षण तथा रङरोगनको काम भइरहेको छ ।



यस्तै, दमौली-भरतपुर २२० केभी प्रसारण लाइन (प्याकेज-३) को निर्माण प्रगति ७८ प्रतिशत पुगेको छ। भारतीय कम्पनी केइसी इन्टरनेशनल लिमिटेडले निर्माण गरिरहेको ३३ किलोमिटर लामो प्रसारण लाइनका लागि आवश्यक ९४ वटा टावरमध्ये ७९ वटाको जग निर्माण र ६९ वटा टावर खडा गरिसकिएको छ। चितवनतर्फ रूख छपान सम्पन्न भइसकेको छ भने तनहुँतर्फको प्रक्रिया जारी रहेको आयोजनाले जनाएको छ।

निर्माणसँगै आयोजना प्रभावित क्षेत्रमा सामाजिक तथा वातावरणीय दायित्वका कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ । व्यास नगरपालिकाको बेतेनी, झापुटार, होक्सेटार र बेलवासका स्थानीयसँग नियमित परामर्श बैठक सञ्चालन भइरहेको छ। स्थानीयले उठाएका ध्वनि तथा धुलो प्रदूषण

*बाँकी अन्तिम पेजमा*

# प्रेस स्वतन्त्रताप्रति प्रदेश सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री पाण्डे

## भञ्ज्याङ दैनिकका पूर्व सम्पादक भण्डारी सहित गण्डकीका पाँच जना अग्रज पत्रकार सम्मानित

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

प्रेस रजिस्ट्रारको कार्यालय, गण्डकीद्वारा शनिबार पोखरामा आयोजित 'गण्डकी प्रेस समिट'मा उनले सरकारको नेतृत्वमा जुनसुकै दल भए पनि प्रेसको स्वतन्त्रताको सम्मान गर्नुपर्ने बताए। 'प्रेस जगत् स्वतन्त्र हुनुपर्छ त्यसमा दुई मत छैन, पत्रकारिता पनि सत्यतथ्यमा आधारित, विश्वसनीय र जवाफदेही हुनुपर्छ', उनले भने, 'सामाजिक सञ्जाल र मूलधारको पत्रकारिताबारे नागरिकलाई पनि सुसूचित गर्नु जरूरी छ ।'

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले कमीकमजोरी गर्दा निर्धक्क भएर कलम चलाउन आग्रह गरे । उनले आफू व्यक्तिगत हिसाबले पनि सँधै प्रेस स्वतन्त्रताको पक्षधर रहेको स्पष्ट पारे ।

मिडिया समिटमा 'मिडियाको अर्थतन्त्र' र 'पत्रकारितामा एआई' विषयमा बहसमूलक सत्र सञ्चालन गरिनुका साथै 'हाम्रो समयको पत्रकारिता' पुस्तक पनि विमोचन गरिएको थियो ।

यस्तै, उक्त अवसरमा भञ्ज्याङ दैनिकका पूर्व सम्पादक/प्रकाशक, प्रेस स्वतन्त्र सेनानी, अग्रज पत्रकार विश्वबन्धु भण्डारी सहित पाँच जना अग्रज पत्रकाहरूलाई गण्डकी प्रदेश सरकारबाट सम्मानित गरिएको थियो । पत्रकारिता क्षेत्रमार्फत सुशासन, जनचेतना अभिवृद्धि र विकास प्रक्रियामा पुऱ्याएको दीर्घकालीन योगदानको कदर गर्दै भण्डारीलाई नगद ५० हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिएको हो ।



यस वर्ष गण्डकी प्रदेशका पत्रकारिता क्षेत्रमा लामो समयदेखि सक्रिय रहेका छ जना अग्रज पत्रकारलाई सम्मान गरिएको प्रेस रजिस्ट्रार कार्यालयले जनाएको छ। सम्मानित हुने अन्य पत्रकारमा स्व. केशवराज पराजुली, तिलकमान गुभाजू, प्रेमचन्द्र रौनियार र सरस्वती शर्मा जिज्ञासु रहेको प्रेस रजिस्ट्रार बिमला भण्डारीले जानकारी गराइन् ।

# नेपालमा कम्युनिस्ट स्पेस : उदय, विस्तार र संकुचनको राजनीतिक समाजशास्त्र

**नेपालमा कम्युनिजम**

नेपालको आधुनिक इतिहासमा कम्युनिस्ट आन्दोलन दलगत राजनीतिक प्रवृत्ति मात्र नभएर, सामाजिक परिवर्तनको प्रवाह बोकेको एउटा शक्तिशाली वैचारिक ध्रुव पनि हो। बीसौं शताब्दीको मध्यतिर शुरु भएको यो आन्दोलनले सामन्तवाद, निरंकुशता, वर्गीय असमानता, लैङ्गिक विभेद र सामाजिक बहिष्करण विरुद्ध संघर्ष गर्दै राज्यसत्ताको नेतृत्वसम्मको यात्रा तय गऱ्यो। तर अहिले आएर नेपालका प्रमुख कम्युनिस्ट दलहरु विभाजन, पुनर्गठन र आन्तरिक संकटबाट गुज्रिरहेको बेला एउटा महत्त्वपूर्ण प्रश्न खडा भएको छ- 'के नेपालमा कम्युनिस्ट स्पेस समाप्त हुँदैछ? कि नयाँ स्वरुपमा पुनर्निर्माण भइरहेको छ ?'

यस प्रश्नको उत्तर खोज्न नेपालको राजनीतिक घटनाक्रम मात्र पर्याप्त छैन। यसलाई विश्वको राजनीतिक अर्थतन्त्र, वैचारिक परिवर्तन र सामाजिक संरचनाको दीर्घकालीन रुपान्तरणसँग जोडेर हेर्न आवश्यक छ।

**के हो कम्युनिजम, को हुन् कम्युनिस्ट ?**

कम्युनिजम मूलतः वर्गीय अवधारणा हो, राष्ट्रिय होइन। वर्गीय समाजको इतिहासका चरणहरुमा वर्गसंघर्ष चलिरहेको हुन्छ। पूँजीपति वर्ग (बुर्जुवा) उत्पादनका साधन नियन्त्रण गर्ने र श्रमिक वर्ग (प्रोलिटारियट) श्रम गर्ने तर कम लाभ पाउने हुन्छन्। कम्युनिजमको लक्ष्य भनेको वर्गीय विभाजन समाप्त गर्ने, उत्पादनका साधन सामूहिक राज्य स्वामित्वमा ल्याउने र 'वर्गविहीन समाज' निर्माण गर्ने भएको हुँदा सैद्धान्तिक रुपमै यसको मूल केन्द्र आर्थिक र सामाजिक वर्ग हो, राष्ट्र होइन।

यो चाहिँ सिद्धान्तको कुरा भयो तर व्यवहारमा नेपालका कम्युनिस्ट पार्टीहरु वैचारिक रुपमा कम्युनिस्ट दाबी गर्छन्, तर व्यवहारमा उनीहरु पूर्ण कम्युनिस्ट होइनन्; बरु पूँजीवादी राज्यभित्र काम गर्ने मिश्रित (हाइब्रिड) राजनीतिक दल हुन्। 'उनीहरु पूँजीवादको विश्व व्यवस्थाभित्र छन् र राष्ट्रिय तहमा पूँजीवादी संरचनाभित्रै छन्।' यसरी हेर्दा प्रश्न उठ्न सक्छ, त्यसो भए 'के उनीहरु कम्युनिस्ट होइनन् ?' यो सवाललाई दुई तहमा छुट्याएर हेर्नुपर्छः

**क. वैचारिक कम्युनिजमः** जसले मार्क्सको कल्पना बमोजिम निजी सम्पत्तिको अन्त्य, वर्गविहीन समाजको स्थापना र अन्ततः राज्य नै समाप्त हुने कुरामा विश्वास राख्छन्।

**ख. व्यावहारिक कम्युनिस्ट पार्टीः** यी पार्टीहरु चुनाव लड्छन्, निजी सम्पत्ति स्वीकार गर्छन्, बजार अर्थतन्त्र चल्न दिन्छन्, गठबन्धन सरकार बनाउँछन्, राष्ट्रिय एकाइमा रहँदा वर्ग समन्वयको दृष्टिकोण राख्छन्। त्यसैले यिनीहरु 'विशुद्ध कम्युनिस्ट' होइनन्।

यसरी यी व्यावहारिक कम्युनिस्ट पार्टीहरु पूँजीवादी राज्यभित्र 'राज्य केन्द्रित पुनर्वितरण' को राजनीति गर्ने संस्थाहरु हुन्। त्यसैले उनीहरुले पूँजीवादलाई पूर्ण रुपमा हटाउने होइन, बरु त्यसको प्रभाव घटाउने प्रयास गर्दछन्। धेरै पार्टीहरु 'वाम राजनीतिक ब्रान्ड' मात्र पनि हुन्।

त्यसो भए के उनीहरु पूँजीवादी नै हुन् त ? यदि 'पूँजीवादी' भन्नाले निजी सम्पत्ति स्वीकार गर्ने, बजार अर्थतन्त्र चलाउने, राज्य र बजार मिश्रित प्रणाली मान्ने कुरालाई हेर्ने हो भने यस अर्थमा उनीहरु पूँजीवादी संरचनाभित्रै छन्।

तर यदि 'पूँजीवादी' भन्नाले पूँजीपति वर्गको हित मात्र रक्षा गर्ने शक्तिको अर्थमा हेर्ने हो भने उनीहरु पूर्ण रुपमा पूँजीवादी होइनन्। किनभने उनीहरुले सामाजिक सुरक्षा कार्यक्रम ल्याउँछन्, श्रमिक अधिकारको कुरा गर्छन् र कर प्रणाली मार्फत पुनर्वितरण गर्छन्। तसर्थ नेपालका कम्युनिस्ट पार्टीहरु 'क्रान्तिपश्चात् स्थापित वैचारिक सङ्गठनहरु हुन्, जसले पूर्ण कम्युनिजम होइन, बरु पूँजीवादी राज्यभित्र सामाजिक न्यायमुखी नीति लागू गर्ने प्रयास गर्छन्।

**वर्गीय असन्तोष र वैकल्पिक आधुनिकताको खोज**

दार्शनिक कार्ल मार्क्सका अनुसार कुनै पनि राजनीतिक आन्दोलनको जरा समाजमा उत्पादक शक्तिहरुको विकासभित्रको भौतिक उत्पादन सम्बन्ध र वर्गीय संरचनामा निहित हुन्छ। नेपालमा कम्युनिस्ट आन्दोलनको उदय पनि यस्तै आर्थिक-सामाजिक सन्दर्भमा भएको थियो। एकातिर युरोप, अमेरिका लगायत एशिया समेतका समाजहरु कृषिको चरण पार गरेर औद्योगिक उत्पादनको चरणमा प्रवेश गरिरहेका थिए।

तर नेपाल भने पछौटे र निर्वाहमुखी कृषि समाजको चरणबाट गुज्रिरहेको थियो। राणा शासनको निरंकुशता, सामन्तवादी भूमि सम्बन्ध, जातीय विभेद, गरिबी तथा राजनीतिक अधिकारको अभावले परिवर्तनको सामाजिक आधार निर्माण गरिरहेको थियो।

सन् १९४९ मा नेपाल कम्युनिस्ट पार्टी स्थापना हुँदा विश्व राजनीतिको सन्दर्भ पनि अनुकूल थियो। एकातिर सोभियत संघ समाजवादी विकासको सफल नमूनाका रुपमा प्रस्तुत भइरहेको थियो भने अर्कोतर्फ चीनमा कम्युनिस्ट क्रान्ति सम्पन्न भइसकेको थियो।




विश्व दुई वैचारिक ध्रुव- उदार पूँजीवाद र समाजवादमा विभाजित थियो।

नेपालमा नेपाली कांग्रेस उदार लोकतान्त्रिक आधुनिकताको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिका रुपमा देखा पऱ्यो। मध्यमार्गी विचारधारा, अन्तर्राष्ट्रिय लोकतान्त्रिक शक्ति र सञ्जालहरुसँगको सम्बन्धले यो शक्तिलाई बलियो बनायो र संसदीय लोकतन्त्रको पर्याय झैं बन्न पुग्यो, नेपाली कांग्रेस पार्टी ।

उता कम्युनिस्ट आन्दोलनले भने सामाजिक-आर्थिक न्याय र समानताको पर्याय झैं वैकल्पिक आधुनिकताको प्रतिनिधित्व गर्ने धार अँगाल्यो। उदयको दृष्टिबाट हेर्दा यी दुवै राजनीतिक प्रवृत्तिहरु समाज विकासको औद्योगिक चरणका उत्पादन र एउटै सिक्काका दुई भिन्न पाटाहरु झैं थिए। यसरी सामाजिक समानता र आर्थिक न्यायको आकर्षक प्रस्तावनाका कारण विद्यार्थी, किसान, श्रमिक र परिवर्तनकामी युवाहरु कम्युनिस्ट आन्दोलनप्रति आकर्षित भए।

**नेपालका कम्युनिस्ट पार्टी निर्माणका आधार**

नेपालका कम्युनिस्ट पार्टीहरुको उदय र विस्तारभित्र विविध कारण देखिन्छन्। जसमा ऐतिहासिक, वैचारिक र सामाजिक-आर्थिक अवस्थाका परिणामस्वरुप दलहरु बनेका देखिन्छन्। विशेषगरी २००६ सालपछि नेपालमा वाम राजनीति सङ्गठित रुपमा शुरु भएको देखिन्छ।

**१. सैद्धान्तिक वैचारिक आधारः** नेपालका कम्युनिस्ट पार्टीहरुको मुख्य वैचारिक स्रोत मार्क्सवाद र लेनिनवाद भएको देखिन्छ। पछि केही दलहरु चिनियाँ क्रान्तिको प्रभावमा गएर माओवादी भए तापनि मार्क्सवाद-लेनिनवाद विचारधाराले 'समाज वर्गमा विभाजित हुने, राज्य धनी वर्गको हितमा चल्ने, मजदुर र किसानले क्रान्ति गरेर समानता ल्याउनुपर्ने र निजी सम्पत्तिको असमान वितरण हटाएर समतामूलक समाज निर्माण गर्ने आदर्श बन्यो। फलतः यही विचारले नेपालका पहिलो चरणमा कम्युनिस्ट कार्यकर्ताहरुलाई प्रभावित गऱ्यो।

**२. सामन्ती शोषण विरुद्धको ऐतिहासिक आधारः** नेपालमा कम्युनिस्ट आन्दोलनले जन्म लिएका बेला राणाशासनको अन्त्य भर्खर भएको थियो र त्यसबेलासम्म जमिनदारी प्रथा जब्बर थियो। किसानहरु अत्यन्त गरिब थिए। शिक्षा र स्वास्थ्य उच्च वर्गका सीमित व्यक्तिको मात्र पहुँचको विषय थियो। त्यसैले कम्युनिस्ट विचार 'सामन्तवाद विरोधी आन्दोलन' को रुपमा लोकप्रिय भयो।

**३. किसान र श्रमिक वर्गको असन्तोषः** कम्युनिस्ट पार्टीहरुको वर्गाधार हेर्दा आधारभूत सामाजिक आधारमा भूमिहीन किसान, साना किसान, शहरी श्रमिक र निम्न मध्यम वर्ग थिए। उनीहरुको मुख्य माग थियो- जमिनको पुनःवितरण, जसको जोत उसको पोत, शोषणको अन्त्य, ज्याला र कामको सुरक्षा आदि। फलतः नेपाल जस्तो कृषिप्रधान समाजमा यो विचार स्वाभाविक रुपमा आकर्षक बन्यो र मानिसहरु कम्युनिस्ट पार्टीमा आबद्ध हुन थाले।

**४. अन्तर्राष्ट्रिय प्रभाव (सोभियत संघ र चीन):** कम्युनिस्ट आन्दोलनलाई बाह्य प्रेरणा पनि त्यति नै थियो। सोभियत संघको बोल्सेभिक क्रान्ति र समाजवादी सत्ता, चीनको कम्युनिस्ट क्रान्तिले 'कम्युनिस्ट प्रणालीले गरिब देशलाई छिटो विकास गर्न सक्छ' भन्ने सन्देश दिए। सोभियत संघ र चीनले कम्युनिस्ट प्रभाव विस्तारका निम्ति आर्थिक, प्राविधिक तथा शैक्षिक, कूटनीतिक लगायत सहयोगहरु जारी राखे। फलतः नेपालमा कम्युनिस्टमा लाग्ने ठूलै सत्त्यालाई यही दल मन पर्न थाल्यो भने धेरै प्रारम्भिक नेताहरुले यसलाई प्रेरणाका रुपमा लिए।

**५. राजनीतिक असमानता र असन्तुष्टिः** नेपालको कम्युनिस्ट आन्दोलन केवल आर्थिक मात्र नभएर राजनीतिक असन्तोषको परिणाम पनि थियो। राजा केन्द्रित शक्ति संरचना, सीमित राजनीतिक स्वतन्त्रता, सानो अभिजात वर्गको प्रभुत्व हुनु पनि अर्को कारक थियो। नेपालका कम्युनिस्ट पार्टीहरु पहिले अनिच्छुक भए पनि विशेषगरी सन् १९९० पछि आएर भने लोकतान्त्रिक आन्दोलनसँग पनि जोडिँदै गए । यसले औद्योगिक चरणतर्फ उक्लिरहेको समाजका स्वतन्त्रता र समानता खोज्ने दुवै शक्तिहरु जस्तोः नेपाली कांग्रेस र मूल कम्युनिस्ट पार्टीहरु सामन्तवादी ढाँचा विरुद्धमा एकै ठाउँ उभिए। नेपालमा कम्युनिस्ट आन्दोलन र शक्ति आर्जनको यो अर्को आधारभूमि थियो ।

**६. सङ्गठनात्मक आधारः** कम्युनिस्ट पार्टीहरुको विशेषता- कडा अनुशासन, प्रशिक्षित कार्यकर्ता (क्याडरबेस सिस्टम), गाउँ-गाउँसम्म सङ्गठन विस्तार, स्पष्ट नेतृत्व संरचना जस्ता कारणहरुले उनीहरुलाई अन्य दलभन्दा बलियो बनायो। अझ सशस्त्र संघर्षपछि विकास भएको आधारलाई हेर्दा, विशेष रुपमा सशस्त्र संघर्ष मार्फत राज्य परिवर्तन, वर्गीय क्रान्तिको प्रयास, जातीय पहिचानको नारा सहित राज्य पुनर्संरचनाको प्रस्तावनाले कम्युनिस्ट आन्दोलनलाई ठूलो राजनीतिक शक्तिका रुपमा नेपालमा स्थापित गऱ्यो।

**कम्युनिस्ट वैचारिक वर्चस्वको निर्माण**

कतिपय राजनीतिक चिन्तकहरुले राजनीतिको उदय, विस्तार र विकास दार्शनिक तथा राजनीतिक विचारधाराका आधारमा हुने कुरा गर्दछन्। यस्तै इटालियन चिन्तक एन्टोनियो ग्राम्सीले 'राजनीतिक शक्ति केवल राज्यको बल प्रयोगबाट मात्र होइन, वैचारिक वर्चस्व (हेजेमोनी) बाट टिक्ने वा टिकाउ हुने' तर्क गरेका थिए। यो लेन्सबाट हेर्दा नेपालमा कम्युनिस्ट आन्दोलनको सफलता पनि केवल सङ्गठन विस्तारको परिणाम मात्र नभएर यसले समाजमा एउटा वैचारिक आधार र वर्चस्व खडा गरेका कारणबाट भएको थियो। यो वैचारिक वर्चस्व भन्नु नै समाजमा एउटा बिकाउ ब्रान्डको निर्माण गर्नु हो र यस्तै भयो पनि।

'सामाजिक न्याय', 'समानता', 'शोषण विरुद्ध संघर्ष', 'जनताको सत्ता' जस्ता अवधारणा राजनीतिक भाषाको सामान्य अंश बने। यहाँसम्म कि आफूलाई गैरकम्युनिस्ट कित्तामा राख्ने दलहरु समेत यिनै भाषिक शब्दावलीहरु भित्रको मनोवैज्ञानिक बिम्बभित्र राजनीति गर्न बाध्य हुन पुगे।

२०४६ सालपछिको लोकतान्त्रिक व्यवस्थामा नेकपा एमालेको उदय र २०५२ पछिको नेकपा माओवादीको विद्रोहले यो वैचारिक वर्चस्वलाई अझ सुदृढ बनायो। गणतन्त्र, संघीयता, समावेशीकरण र धर्मनिरपेक्षता जस्ता एजेन्डाहरु अन्ततः राष्ट्रिय राजनीतिक सहमतिका विषय बने। यस अर्थमा कम्युनिस्ट आन्दोलनले राज्यसत्ता भन्दा पनि ठूलो सफलताका रुपमा राजनीतिक विमर्शको दिशा निर्धारण गर्ने क्षमता हासिल गरेको थियो।

**कम्युनिस्ट शासनका केही सकारात्मक पक्ष**

कम्युनिस्ट राज्यहरुले आर्थिक र सामाजिक समानतामा जोड, शिक्षा र स्वास्थ्यको पहुँचमा व्यापकता, तीव्र औद्योगिकीकरण, महिलाको सामाजिक सहभागिता, अनि औपनिवेशिकवाद र सामन्तवाद विरुद्ध संघर्ष जस्ता पक्षहरुमा जोड दिदै उपलब्धि हासिल गरे। आर्थिक-सामाजिक समानताका निम्ति कम्युनिस्ट शासनले वर्गीय विभाजन कम गर्ने, धन र सम्पत्तिको व्यक्तिमा अत्यधिक केन्द्रीकरण रोक्ने तथा श्रमिक र श्रमिक वर्गलाई सशक्त बनाउने लक्ष्य राख्यो । यो दृष्टिकोण र प्राथमिकता बमोजिम पहिलो कम्युनिस्ट राज्य सोभियत संघमा सामन्ती जमिनदारी व्यवस्था अन्त्य गरियो। यसैगरी चीनमा पनि भूमिसुधारका कार्यक्रम सञ्चालन भए। धेरै कम्युनिस्ट राज्यहरुले निःशुल्क शिक्षा र स्वास्थ्य सेवामा ठूलो लगानी गरे। क्युबा आज पनि स्वास्थ्य र साक्षरताको सूचकाङ्कमा उदाहरणीय प्रसिद्ध छ। सोभियत संघले निरक्षरता लगभग समाप्त गऱ्यो।

तीव्र औद्योगिकीकरण कम्युनिस्ट देशहरुको अर्को पहिचान बन्यो। विशेषगरी सोभियत संघले छोटो अवधिमा कृषिप्रधान समाजलाई औद्योगिक महाशक्तिमा रुपान्तरण गऱ्यो। चीनले पनि त्यही कुरा पछ्यायो। कम्युनिस्ट शासनहरुले महिलालाई शिक्षा, रोजगारी र सार्वजनिक जीवनमा सहभागी गराउन अपेक्षाकृत सक्रिय भूमिका खेले। अर्कोतिर एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा धेरै आन्दोलनले कम्युनिस्ट विचारधाराबाट प्रेरणा लिएर औपनिवेशिक शासन विरुद्ध संघर्ष गरे।

**नेपालमा कम्युनिस्ट पार्टीका सबल पक्ष**

खासगरी निर्वाचन सहितको शान्तिपूर्ण मार्गबाट अघि बढेका नेकपा एमाले लगायतका कम्युनिस्ट दलहरुमा आर्थिक र सामाजिक समानता, बलियो सङ्गठन, अनुशासित कार्यकर्ता, गाउँ-बस्तीसम्मको पहुँच, राष्ट्रवादको राजनीतिक भाषा र वर्गीय न्यायको ऐतिहासिक अपिलहरु प्रमुख हुन्। उता माओवादी धारको भने वर्गीय र जातीय दुवै मोर्चाबाट शक्ति आर्जन, गणतन्त्रको प्राप्तिमा पहिलो शक्ति, संघीयता र समानुपातिक समावेशिताको विरासत सबल पक्ष बन्यो। जनविद्रोहको अनुभव, क्रान्तिकारी ऊर्जा र स्वयम् माओवादी नै परिवर्तनको प्रतीकका रुपमा स्थापित भयो।

**विश्वव्यवस्थाको परिवर्तन र कम्युनिस्ट संकट**

वैदिक चिन्तनले संसारलाई अनित्य मान्छ, बौद्ध दर्शनको प्रतीत्यसमुत्पाद र दार्शनिक कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादले पनि इतिहास नित्य र स्थिर रहँदैन अर्थात् हरेक चिजहरु परिवर्तनको द्रुतगामी प्रवाहमा छन् भनेर बुझ्ने गर्दछन्। शीतयुद्धको अन्त्यसँगै विश्वको राजनीतिक संरचनामा गहिरो परिवर्तन आयो। सोभियत संघको विघटनपछि उदार पूँजीवाद विश्वव्यापी रुपमा प्रमुख प्रणाली बन्यो। यहाँ इमानुएल वालरस्टिनको विश्व-प्रणाली सिद्धान्त उपयोगी देखिन्छ। वालरस्टिनका अनुसार कुनै पनि राष्ट्र स्वतन्त्र आर्थिक टापु नभएर विश्व अर्थतन्त्रको संरचनाभित्र आबद्ध हुन पुगेको हुन्छ। आर्थिक र प्राविधिक सामर्थ्य अनि नाफाका दृष्टिले केन्द्रभन्दा टाढाको नेपाल जस्तो परिधीय देश विश्व पूँजीवादी प्रणालीबाट अलग रहन सक्ने कुरै भएन।

उता कम्युनिस्ट नाम भए तापनि राष्ट्रिय पूँजीवादको बाटोमा लम्किएको चीनका लागि राजनीतिक वैचारिक सत्ताको निर्यात, संरक्षण र प्रवर्धनभन्दा पनि राष्ट्रले आफ्नो राजनीतिक ढाँचाबारे आत्मनिर्णय गर्न पाउने कुराको सम्मान गर्ने नीतिको भुइँमा उभिएर हरेक राष्ट्रसँग व्यापार र मुनाफाको बाटोमा अघि बढ्यो। जसका कारण नेपालका कम्युनिस्टहरुले पाइआएको आर्थिक, प्राविधिक र कूटनीतिक जस्ता बाह्य सहयोगहरु क्रमशः गुमाउन थाले।

अर्कातिर धर्म, दर्शनदेखि आधुनिक पश्चिमा विचारधाराहरु समेत भारतको बाटो भएर नेपाल आउने हुन्। केन्द्रीय सरकारमा कहिल्यै नआए पनि पटक-पटक पश्चिम बङ्गाल र केरला लगायतका राज्यहरुमा सरकार बनाउन सफल कम्युनिस्ट पार्टीहरु भारतीय राजनीतिको प्रभावशाली उपध्रुवका रुपमा रहँदा नेपालका कम्युनिस्टहरुका वैचारिक र कतिपय मामलामा कूटनीतिक भरोसाका शक्तिहरु थिए। हाल भारतीय राज्यहरुमा रहेका कम्युनिस्ट सरकारहरु मात्र ढलेनन्, दशकौंदेखि सशस्त्र विद्रोह गर्दै आएको नक्सलवादी कम्युनिस्ट पार्टीले समेत आत्मसमर्पण गरेको हुँदा नेपालका कम्युनिस्ट पार्टीहरुका लागि यसले प्रतिकूलता थपेको छ।

**आए, गए र भएका कम्युनिस्ट राज्यहरु**

सन् १९१७ को बोल्सेभिक क्रान्तिपछि विश्वमा पहिलो कम्युनिस्ट राज्यका रुपमा सोभियत युनियन, दोस्रोमा मङ्गोलिया हुँदै क्रमशः अल्बानिया, बुल्गेरिया, रोमानिया, हङ्गेरी, पोल्यान्ड, चेकोस्लोभाकिया, पूर्वी जर्मनी, युगोस्लाभिया, उत्तरकोरिया, चीन, भियतनाम, लाओस, कम्बोडिया, अफगानिस्तान, क्युबा, कङ्गो, सोमालिया, अङ्गोला, मोजाम्बिक, बेनिन, इथियोपियामा मार्क्सवादी-लेनिनवादी विचारधाराका आधारमा यी राज्यहरु बने।

विश्वका अरु कतिपय राज्यहरु सोभियत धुरी अन्तर्गत प्रगतिशील वा वाम राजनीतिको वरिपरि रहे। अन्ततः सन् १९९१ मा सोभियत युनियनको विघटन भए पश्चात् ५ वटा

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ योजना कार्यान्वयनका लागि दिन अनुकूल छ। व्यवसायमा लाभ बढ्नेछ भने जागिरमा जिम्मेवारी थपिन सक्छ।

**वृष**
रोकिएका काम पूरा हुने सम्भावना छ। आफन्तसँग भेटघाटले मन प्रसन्न बनाउनेछ।

**मिथुन**
अध्ययन र अनुसन्धानमा रुचि बढ्नेछ। बोलीमा संयम अपनाउँदा सम्बन्ध सुमधुर रहनेछ।

**कर्कट**
व्यापारमा सामान्य प्रगति हुनेछ। स्वास्थ्यमा सानो समस्या देखिन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोस्।

**सिंह**
नेतृत्वदायी भूमिकामा सफलता मिल्नेछ। लगानीका विषयमा सोचविचार गरेर निर्णय लिनु राम्रो हुन्छ।

**कन्या**
मेहनतअनुसार प्रतिफल प्राप्त हुनेछ। रोजगारी र व्यवसायमा उत्साहजनक समाचार मिल्न सक्छ।

**तुला**
कला, साहित्य तथा सञ्चार क्षेत्रमा संलग्नलाई विशेष लाभ मिल्नेछ। परिवारमा खुसीको वातावरण रहनेछ।

**वृश्चिक**
धैर्य र संयमले सफलता दिलाउनेछ। आकस्मिक खर्च बढ्न सक्ने भएकाले बजेट व्यवस्थापनमा ध्यान दिनुहोस्।

**धनु**
शिक्षा, वैदेशिक कार्य तथा नयाँ योजना अघि बढाउन दिन राम्रो छ। साथीभाइसँग सहकार्य फलदायी हुनेछ।

**मकर**
व्यवसायमा आम्दानी बढ्ने संकेत छ। पद तथा प्रतिष्ठा वृद्धि हुने सम्भावना छ।स्वास्थ्यमा सामान्य थकान महसुस हुन सक्छ।

**कुम्भ**
नयाँ सीप सिक्ने अवसर प्राप्त हुनेछ। सामाजिक कार्यमा सक्रियता बढ्नेछ। प्रेम र दाम्पत्य जीवन सुखद रहनेछ।

**मीन**
मनमा सकारात्मक ऊर्जा रहनेछ। अधुरा काम पूरा हुनेछन्। धार्मिक तथा आध्यात्मिक गतिविधिमा रुचि बढ्नेछ।

# नेपालमा कम्युनिस्ट स्पेस : उदय, विस्तार र .........

देशहरु जस्तो कि: चीन, उत्तरकोरिया, भियतनाम, लाओस र क्युबा बाहेक एकपछि अर्को गर्दै सबै ढले।

**उदारवादी विश्व अर्थतन्त्रको प्रभाव**

आज नेपालको अर्थतन्त्र वैदेशिक रोजगारी, रेमिट्यान्स, अन्तर्राष्ट्रिय व्यापार, विदेशी सहायता, निजी लगानी र वैश्विक वित्तीय संरचनासँग गहिरो रूपमा जोडिएको छ। अझ भन्ने हो भने नेपाल आर्थिक रूपमा पूरै परनिर्भरतातर्फ गइरहेको छ। यस्तो अवस्थामा उत्पादनका साधनहरूको पूर्ण सामाजिक स्वामित्व वा केन्द्रीकृत समाजवादी अर्थतन्त्र व्यावहारिक राजनीतिक कार्यक्रम बन्न एक्लो मुलुकका लागि कठिन मात्र होइन, अहिलेको सन्दर्भमा असम्भवै छ। यही कारणले विश्वका अधिकांश कम्युनिस्ट दलहरु व्यवहारमा सामाजिक लोकतान्त्रिक वा मिश्रित अर्थतन्त्रको मार्गमा गएका छन्। नेपालका कम्युनिस्ट दलहरु पनि यसबाट अलग रहन सकेनन् र सक्ने पनि देखिंदैन।

**नेपालमा कम्युनिस्ट स्पेसको संकुचन**

यस प्रश्नको उत्तर सरल छैन। यदि कम्युनिस्ट स्पेसलाई शीतयुद्धकालीन समाजवादी क्रान्तिको परियोजनाका रूपमा बुझ्ने हो भने यसको सम्भावना निकै कमजोर भएको देखिन्छ। तर यदि यसलाई सामाजिक न्याय, आर्थिक समानता, श्रमिक अधिकार, पुनर्वितरण र समावेशी विकासका एजेन्डाका रूपमा बुझ्ने हो भने यसको आवश्यकता अझै समाप्त भएको देखिंदैन। नेपालमा अझै पनि सम्पत्ति र अवसरको असमान वितरण, बेरोजगारी, श्रमशोषण, क्षेत्रीय असन्तुलन तथा सामाजिक बहिष्करणका समस्या विद्यमान छन्। यी प्रश्नहरूले वाम राजनीतिका लागि सामाजिक आधार कायम राखेका छन्।

**कम्युनिजमभित्र वर्गोदयः शासक र शासित कम्युनिस्ट**

नेपालमा प्रायः चर्चामा आउने गरेको एउटा प्रश्न छ, त्यो के भने: कम्युनिस्टहरु सत्तामा पुगेपछि किन पूँजीवादी जस्ता देखिन्छन्? राजनीतिक समाजशास्त्री राल्फ डाहरेन्डोर्फका अनुसार आधुनिक समाजमा शक्ति र अधिकारका सम्बन्धहरु केवल आर्थिक वर्गद्वारा निर्धारित हुँदैनन्। संस्थागत संरचनाहरुले पनि राजनीतिक व्यवहारलाई आकार र स्वरूप दिने गर्दछन्।

सत्तामा पुगेपछि कुनै पनि दल संविधान, बजार, अन्तर्राष्ट्रिय सम्बन्ध, निजी क्षेत्र, प्रशासनिक संयन्त्र र मतदाताको अपेक्षाभित्र काम गर्न बाध्य हुन्छ। फलस्वरुप क्रान्तिकारी घोषणापत्र र व्यावहारिक शासन बीचको दूरी बढ्न थाल्छ।

नेपालका कम्युनिस्ट दलहरु पनि यही प्रक्रियाबाट गुज्रिए। मूलधारका कम्युनिस्ट दलहरु वर्गीय कम्युनिस्ट नभएर राष्ट्रिय कम्युनिस्ट बने। व्यवहारतः उनीहरूले वर्गसङ्घर्षको स्थानमा वर्गसमन्वयको नीति अवलम्बन गर्दै आएका छन्। विपक्षमा रहँदा उनीहरु परिवर्तनका प्रतिनिधि थिए तर सत्तामा पुगेपछि उनीहरु स्वयं पूँजीवादी राज्यसत्ता र संस्थागत व्यवस्थाको हिस्सा बने।

परिणामतः वैचारिक प्रतिबद्धता भन्दा सत्ता व्यवस्थापन प्रमुख बन्न पुग्यो। उदाहरणका रूपमा सरकारमा पुगेका कम्युनिस्ट दलहरूको निर्वाचन घोषणापत्र, नीति तथा कार्यक्रम र त्यसको कार्यान्वयनमा हट्दै गएको वर्गीय पक्षधरतालाई लिन सकिन्छ।

राज्यका अङ्गहरु, नीति निर्माण र कार्यान्वयनका महत्त्वपूर्ण स्थान र जिम्मेवारीमा पुऱ्याउन व्यक्तिहरूको चयन गर्दा हिजो सँगै लड्न र भिड्न हिंडेका कमरेडहरु अयोग्य हुँदै गए। संरचनागत रूपमा उच्च वर्गीय आर्थिक हैसियत, शिक्षा र अवसर प्राप्त (उनीहरूका भाषामा बुर्जुवा भनिएकाहरु)ले अवसर पाउँदै गए।

त्यो वर्गले वर्गारोहण गरी उच्च वर्गकै हिस्सा बन्न पुग्यो भने कमजोर वर्गका मानिसहरु अझ खस्किएर वर्गावतरणको स्थितिमा पुग्दा कम्युनिस्ट पहिचानमा नै संकट थपियो। यसरी कम्युनिस्टभित्र पनि शासक र शासित (वर्गीय कम्युनिस्ट र राष्ट्रिय कम्युनिस्ट) मा विभाजित भए। फलतः जनतासँगको उनीहरूको सम्बन्ध टुट्दै गयो र गत फागुन २१ को निर्वाचनमा प्रकट भयो।

**कम्युनिस्ट शासनका प्रमुख नकारात्मक पक्ष**

कम्युनिस्ट शासनमा राजनीतिक स्वतन्त्रताको अभाव देखियो। अधिकांश कम्युनिस्ट राज्यहरूमा एकदलीय शासन रह्यो। विपक्षी दलहरु प्रतिबन्धित भए, स्वतन्त्र प्रेस सीमित र आलोचकहरूलाई दमन गरियो। यसका उदाहरणहरूमा सोभियत संघको स्टालिनको सत्ता र उत्तरकोरियाको कम्युनिस्ट शासनहरु हुन्।

राज्यको अत्यधिक केन्द्रीकरणका कारण अर्थतन्त्रदेखि समाजका धेरै पक्ष राज्यको नियन्त्रणमा हुँदा व्यक्तिगत स्वतन्त्रता सीमित हुन पुग्यो। आर्थिक अक्षमता बढ्दै गयो। केन्द्रीय योजना मार्फत सम्पूर्ण अर्थतन्त्र सञ्चालन गर्दा उत्पादनमा नवप्रवर्तन कम भयो, उपभोग्य वस्तुहरूको अभाव देखियो, बजारको माग र उत्पादन बीच असन्तुलन बढ्यो।

मानवअधिकारको उल्लङ्घन भयो। कतिपय कम्युनिस्ट शासनहरूमा ठूलो स्तरमा मानवअधिकार हननका घटना भए। उदाहरणका रूपमा लिंदा फेरि पनि स्टालिनकालीन शुद्धीकरण 'पर्जेज', माओ त्सेतुङको 'ग्रेट लिप फरवार्ड' र 'कल्चरल रिभोलुसन', अनि पोलपोटको शासनकालीन नरसंहारलाई लिन सकिन्छ। शक्ति हस्तान्तरणमा समस्या कम्युनिस्टको अर्को महारोग भएको देखिन्छ। लोकतान्त्रिक निर्वाचनको अभावले नेतृत्व परिवर्तन प्रायः आन्तरिक संघर्ष वा संकट मार्फत मात्र सम्भव भयो।

**नेपालमा कम्युनिस्ट पार्टीका कमजोर पक्ष**

खासगरी मूलधारका कम्युनिस्ट पार्टीहरु नेकपा एमाले र नेकपा माओवादी (यी दुवै नरम र गरम धारका कम्युनिस्ट पार्टीहरु) का राजनीतिक पूँजीहरु समयसँगै कमजोर भएका छन्। सिद्धान्त र व्यवहार बीचमा दूरी, सत्तामुखी राजनीति, वाम एकता र विभाजनको चक्र, शासक र शासित कम्युनिस्टमा विभाजन, वर्गीय र राष्ट्रिय वा जातीय कम्युनिस्टमा विभाजन, राज्य दोहनमा जीवित हुने परजीवी वर्गको झैं छवि निर्माण हुनु र पार्टी तथा राज्यसत्तामा पुगेको तप्काको वर्गारोहण (अपवार्ड मोबिलिटी) भई आफ्ना जनपक्षीय एजेन्डाहरूको परित्याग हुनु यसका कारण हुन्।

उनीहरूले पनि जानी-नजानीकन विदेशी सिद्धान्त, डिजिटल नेटवर्क, संस्कृति र समग्र ज्ञान प्रणालीको उपनिवेशको दलदलमा मुलुकलाई हाल्नु जस्ता कमजोर पक्षहरु रहेका छन्। राष्ट्रिय चिन्तन स्वरूपमा मात्र देखिन्छ, अन्तर्वस्तु र कार्यान्वयनमा खोक्रो हुनु अर्को उनीहरूको सबैभन्दा ठूलो कमजोरी हो। फलस्वरूप युवापुस्ता कम्युनिस्ट शब्दप्रति नै घोर विकर्षणको मनोदशामा छन्।

**लोकतन्त्रभन्दा अप्रिय वा कमजोर हुँदै गयो**

कम्युनिजमको यो दशा हुनुको पछाडि एउटै कारण छैन। यसका मुख्य कारणहरूमा मानिसले समानता सँगसँगै त्योभन्दा पनि बढी स्वतन्त्रता चाहन्छ। कम्युनिजमले आर्थिक समानतालाई प्राथमिकता दियो, तर धेरै ठाउँमा अभिव्यक्ति, सङ्गठन र राजनीतिक प्रतिस्पर्धाको स्वतन्त्रता सीमित गरियो। जबकि मानिसहरूले आर्थिक सुरक्षा र व्यक्तिगत स्वतन्त्रता प्रायः दुवै सँगैसँगै चाहन्छन्।

अर्कातिर २०औं शताब्दीको उत्तरार्धमा पश्चिमी लोकतान्त्रिक देशहरूको आर्थिक वृद्धि धेरै तीव्र देखियो। यसले बजार अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभूतपूर्व रूपमा विस्तार गऱ्यो। यसका उदाहरणहरूमा अमेरिका, तत्कालीन पश्चिम जर्मनी र जापान जस्ता देशहरूलाई लिन सकिन्छ। यी देशहरूमा जनताको जीवनस्तर धेरै छिटो उकासियो।

अर्कातिर सूचना प्रवाह र विश्वव्यापीकरणका कारण अभूतपूर्व रूपमा विकास भयो। टेलिभिजन, सञ्चार र पछि इन्टरनेटको विकाससँगै विभिन्न देशका नागरिकहरुले जीवनस्तर तुलना गर्न थाले। यसले बन्द समाजहरूमा दबाब बढायो।

सोभियत संघको विघटनले विश्व कम्युनिस्ट आन्दोलनलाई ठूलो धक्का दियो। धेरैले यसलाई कम्युनिस्ट मोडेलको असफलताको प्रतीकका रूपमा हेरे। यही परिवेशमा कम्युनिस्ट देशहरु स्वयं बजारतर्फ मोडिए। चीन र भियतनाम जस्ता देशहरूले राजनीतिक रूपमा कम्युनिस्ट प्रतीक र पार्टी कायम राखे, तर आर्थिक रूपमा बजार प्रणालीका धेरै तत्त्व अपनाए।

**नयाँ पुस्ता र कम्युनिस्ट स्पेसको संकुचन**

आजको नयाँ पुस्ताको राजनीतिक चेतना वर्गसंघर्षभन्दा पनि अवसर, रोजगारी, सुशासन, दक्षता र सेवाको गुणस्तरसँग बढी जोडिएको छ। डिजिटल प्रविधि, सामाजिक सञ्जाल, विश्वव्यापी सूचना प्रवाह र उपभोक्तावादी संस्कृतिभित्र हुर्किएको पुस्ताले परम्परागत वैचारिक पहिचानलाई कम महत्त्व दिन्छ। उनीहरूका लागि 'वाम' वा 'दक्षिण' भन्दा 'काम गर्ने' र 'नगर्ने' राजनीति बढी महत्त्वपूर्ण बन्दै गएको छ । अझ यो धारको थप विशेषता संकीर्ण राष्ट्रवादका ठाउँमा वैश्विक दृष्टिकोण अपनाउने भएको हुँदा यसले 'जन्मभूमि' भन्दा पनि 'धर्तीमाता' लाई प्राथमिकता दिएको देखिन्छ। यसरी उदाएका नयाँ राजनीतिक शक्तिहरूले वैचारिक बहसभन्दा सुशासन र प्रणाली सुधारको भाषालाई प्राथमिकता दिएका छन्। कसै-कसैले यसलाई पपुलिस्ट धारको संज्ञा पनि दिएका छन्। यसले पनि नेपालको कम्युनिस्ट स्पेसलाई चुनौती दिएको छ।

**भविष्यको बहस**

**१. कम्युनिस्ट स्पेस समाप्त हुँदैछ?**

यस प्रश्नको उत्तर त्यति सरल र सहज छैन। यदि कम्युनिस्ट स्पेसलाई शीतयुद्धकालीन समाजवादी क्रान्तिको परियोजनाका रूपमा बुझ्ने हो भने यसको सम्भावना निकै कमजोर भएको देखिन्छ। तर यदि यसलाई सामाजिक न्याय, आर्थिक समानता, श्रमिक अधिकार, पुनर्वितरण र समावेशी विकासका एजेन्डाका रूपमा बुझ्ने हो भने यसको आवश्यकता अझै समाप्त भएको छैन। नेपालमा अझै पनि सम्पत्ति र अवसरको असमान वितरण, बेरोजगारी, श्रमशोषण, क्षेत्रीय असन्तुलन तथा सामाजिक बहिष्करणका समस्या विद्यमान छन्। यी प्रश्नहरूले वाम राजनीतिका लागि अझै सामाजिक आधार कायम राखेका छन्।

**२. शुद्ध कम्युनिस्ट वा शुद्ध पूँजीवादी देश अब छैनन्**

आज विश्वमा पूर्ण रूपमा 'शुद्ध' कम्युनिस्ट वा 'शुद्ध' पूँजीवादी देश लगभग छैनन्। लोकतान्त्रिक देशहरूमा पनि सामाजिक सुरक्षा, सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा र श्रमिक अधिकार जस्ता समाजवादी तत्त्व छन्। कम्युनिस्ट पार्टीद्वारा शासित देशहरूमा पनि निजी व्यवसाय, विदेशी लगानी र बजार अर्थतन्त्रका तत्त्व छन्। यस अर्थमा २१औं शताब्दीको बहस 'कम्युनिजम विरूद्ध पूँजीवाद' भन्दा पनि 'समानता र स्वतन्त्रता बीचको सन्तुलन कसरी कायम गर्ने?' भन्ने प्रश्नतर्फ बढी केन्द्रित भएको देखिन्छ। यसरी यहाँ हेर्दा कम्युनिस्ट विचारधारा र कम्युनिस्ट पार्टीहरु एउटै कुरा होइनन्।

**के कम्युनिस्टहरु हराउन सक्छन्?**

विश्व इतिहासले के देखाउँछ भने विचारधाराहरु प्रायः पूर्ण रूपमा हराउँदैनन् बरू तिनीहरूले समय अनुसार आफ्नो रूप, भाषा र सङ्गठन परिवर्तन गर्छन्। पूर्वी युरोपका धेरै पूर्व कम्युनिस्ट देशहरूमा आजका वामपन्थी शक्तिहरु लोकतान्त्रिक समाजवाद, हरित राजनीति, जलवायु न्याय र सामाजिक न्यायका अभियानमा रूपान्तरित भएका छन्।

अफ्रिका, ल्याटिन अमेरिका र भारतमा पनि कम्युनिस्ट आन्दोलनले नयाँ स्वरूप लिएको देखिन्छ। भारतमा एक समय कम्युनिस्टहरूको गढ मानिने पश्चिम बङ्गाल र त्रिपुरामा अहिले अन्य दल सत्तामा छन् भने केवल केरलामा मात्र कम्युनिस्ट नेतृत्वको सरकार छ। उता नक्सलवादी आन्दोलनको मूलधारले समेत सशस्त्र मार्ग त्यागिसकेको छ ।

यसको अर्थ कम्युनिस्ट पार्टीहरु कमजोर हुनसक्छन्, तर आर्थिक असमानता, श्रमिक शोषण र सामाजिक अन्याय रहुन्जेल वाम राजनीति कुनै न कुनै रूपमा जीवित रहन्छ। भविष्यको वामपन्थ शास्त्रीय वर्गसंघर्षभन्दा जलवायु न्याय, श्रमिक अधिकार, डिजिटल अर्थतन्त्रमा श्रमिक सुरक्षा, सामाजिक सुरक्षा, सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य र आर्थिक समानता जस्ता मुद्दामा केन्द्रित हुने सम्भावना बढी देखिन्छ।

नेपालमा पनि पछिल्ला वर्षहरूमा मतदाताले कम्युनिस्ट दलहरूलाई विचारधाराभन्दा बढी शासन, नेतृत्व र कार्यशैलीका आधारमा मूल्याङ्कन गरेको देखिन्छ। आन्तरिक विभाजन, नेतृत्वको पुस्तान्तरण नहुनु, सत्ता केन्द्रित राजनीति, सुशासनप्रतिको असन्तुष्टि तथा विचार र व्यवहार बीचको अन्तरले उनीहरूको समर्थनमा असर परेको देखिन्छ। धेरै मतदाताले 'कम्युनिस्ट' भएकै कारण होइन; विकास, स्थिरता र वैकल्पिक नेतृत्वको अपेक्षामा मतदान गरेका थिए।

त्यसैले नेपालमा 'कम्युनिस्ट' भन्ने राजनीतिक ब्रान्ड कमजोर हुन सक्छ, तर त्यसले उठाएका मुद्दा जस्तो कि श्रमिक अधिकार, सामाजिक सुरक्षा, सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य, भूमिसुधार, आर्थिक समानता र कल्याणकारी राज्य, राजनीतिबाट हराउने सम्भावना कम छ।

युरोपका धेरै देशहरूमा कम्युनिस्ट पार्टीहरु साना भए पनि उनीहरूले उठाएका धेरै एजेन्डा आज मूलधारका दलहरूले नै अपनाएका छन्। नेपालमा पनि निकट भविष्यमा शास्त्रीय कम्युनिस्ट क्रान्ति वा एकदलीय कम्युनिस्ट राज्यको सम्भावना असम्भवप्रायः देखिए पनि वाम, समाजवादी वा सामाजिक न्यायमुखी राजनीति भने नयाँ रूप र नयाँ भाषासहित लामो समयसम्म जीवित रहने सम्भावना बलियो छ।

यसैले भविष्यको मुख्य प्रश्न कम्युनिजम रहन्छ कि रहँदैन? भन्ने होइन, बरू वाम राजनीति कुन नयाँ रूप, नयाँ भाषा र नयाँ सङ्गठनका साथ पुनः उदाउँछ? भन्ने हुन सक्छ। सम्भवतः अबको राजनीतिक ब्रान्डिङमा 'क्रान्ति', 'सर्वहारा' वा 'साम्यवाद' भन्दा 'समता', 'न्याय', 'अवसर', 'सुशासन', 'लोकतन्त्र' र 'समृद्धि' जस्ता शब्दहरूले नयाँ पुस्तालाई बढी आकर्षित गर्नेछन्। त्यसैले भविष्यका वाम लोकतान्त्रिक शक्तिहरूले पुराना लेबलभन्दा नयाँ मूल्य र नयाँ भाषालाई प्राथमिकता दिने सम्भावना अधिक देखिन्छ।

**के कम्युनिजमको पुनरागमन सम्भव छ ?**

इतिहासले के देखाउँछ भने कुनै पनि विचारधारा स्थायी रूपमा हराएको घोषणा गर्न सकिन्न। त्यसको त्यही स्वरूपमा पुनरागमन नभए तापनि स्वरूप परिवर्तन गरेर आउन सक्दछ। उदाहरणका लागि सन् १९३० को आर्थिक मन्दी पछि समाजवादी र श्रमिक आन्दोलनहरु अझ बलिया बने। सन् २००८ को विश्व वित्तीय संकटपछि पूँजीवादको आलोचना फेरि बढ्दै गयो। आज पनि आय असमानता, बेरोजगारी, आवास संकट, श्रमिक अधिकार जस्ता विषयमा कम्युनिस्ट र वामपन्थी विचारहरु विश्वभर चर्चामा छन्।

विश्वभर अहिले शास्त्रीय मार्क्सवादी-लेनिनवादी क्रान्तिको आकर्षण २०औं शताब्दीको तुलनामा निकै कम देखिन्छ। आजका धेरै युवा बहुदलीय लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकार र सामाजिक न्याय- यी सबैलाई एकैसाथ उपभोग गर्न चाहन्छन्, जुन समकालीन मूलधारका कम्युनिस्ट पार्टीहरूबाट प्राप्त हुने उनीहरूले सम्भावना देखेका छैनन् । यदि नेपालमा आर्थिक असमानता अझै बढ्दै गयो, युवाहरूमा अवसरको अभाव भयो, सामाजिक न्यायका प्रश्न तीव्र बने, त्यो अवस्थामा भने वामपन्थी वा समाजवादी भाष्य पुनः आकर्षक बन्न सक्छ। तर पुरानै शैलीमा? यहीं मुख्य प्रश्न छ।

**परिवर्तित कम्युनिस्ट र दुई धारको सम्भावना**

**विकल्प १: वाम मोर्चा र नयाँ दल:** पुराना कम्युनिस्ट पार्टीहरु र उनीहरूका भ्रातृ सङ्गठन सहितको पहिले मोर्चा र पछि पार्टी एकता गर्दै नयाँ स्वतन्त्रता र सामाजिक सुरक्षा दुवैको सुनिश्चित हुने वर्तमानकै पूँजीवादी विश्वव्यवस्था भित्रबाट पूँजीवादकै सह-उत्पादनका रूपमा देखापर्ने 'केन्द्रबाट देब्रेतर्फको वामपन्थी दल' का रूपमा नयाँ नाम-पहिचान सहितको दलले यसअघिको कम्युनिस्टको स्पेस लिने सम्भावना देखिन्छ। त्यसैले यदि कम्युनिजमको पुनरागमन हुन्छ भने, सम्भवतः त्यो १९६० वा १९७० को शैलीको क्रान्तिकारी कम्युनिजमभन्दा बढी लोकतान्त्रिक वामपन्थ (डेमोक्रेटिक लेफ्ट) वा सामाजिक लोकतन्त्र (सोसियल डेमोक्रेसी) को रूपमा हुने बढी सम्भावना छ ।

**विकल्प २: भूमिगत सशस्त्र समूह:** नेपालमा वञ्चित वर्ग, जाति, क्षेत्र, समूह वा सीमान्तकृत समुदायलाई राज्यले सामाजिक न्यायको परिधिभन्दा धेरै बाहिर राख्यो, त्यो वर्ग चरम गरिबीतर्फ धकेलियो, राज्यले प्रणालीगत दमन-उत्पीडन गऱ्यो र राज्यभित्रबाट न्याय र सम्मानित जीवन पाउने अपेक्षा सकियो भने भूमिगत सशस्त्र समूहको जन्म हुन सक्दछ। यस्तो समूहले मार्क्सवादको वर्गसंघर्ष र कम्युनिस्ट पार्टीहरुको सङ्गठन निर्माण र अनुभवका आधारमा आफूलाई कम्युनिस्ट भने पनि नभने पनि त्यही धारमा हिंड्नेछन्। निकट भविष्यसम्म नेपाल त्यसको उर्वर थलोको रूपमा देखिएको छ। उदाहरणः सुकुम्बासीको विस्थापन आदि। अनलाइनखबरबाट (डा. अधिकारी त्रिविअन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयका उपप्राध्यापक हुन्।)




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,
newsbhanjyang@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## अनुदानमा कृषि उपकरण

तनहुँको घिरिङ गाउँपालिकाले नेपाल सरकारबाट हस्तान्तरित विशेष अनुदानअन्तर्गत रू. ७५ लाखको कृषि यान्त्रिकीकरण कार्यक्रममार्फत कृषकलाई कृषि उपकरण वितरण गरेको छ । कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा ३ अश्वशक्ति क्षमताका १०० वटा कम्बाइन मिल, ९ अश्वशक्ति डिजेल इन्जिनसहितका १२० वटा हाते ट्र्याक्टर तथा ७ अश्वशक्ति क्षमताका ६० वटा डिजेल इन्जिन वितरण गरिने भएको छ । यस कार्यक्रमले कृषि यान्त्रिकीकरणलाई थप प्रभावकारी बनाउँदै उत्पादन लागत घटाउन, श्रम अभावको समस्या न्यूनीकरण गर्न तथा कृषकको उत्पादनशीलता वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको गाउँपालिकाका अध्यक्ष होम बहादुर थापाले जनाए ।

*तस्विर : भञ्ज्याङ*

# आदिकवि भानुभक्त क्याम्पसमा तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण

## रैथाने भाषा संरक्षण अभियानमा २७ युवा सहभागी

भञ्ज्याङ समाचारदाता/दमौली

बढ्दो आधुनिकीकरण, बसाइँसराइ र विदेशी संस्कृतिको प्रभावका कारण रैथाने भाषा तथा लिपिहरु लोप हुने जोखिम बढिरहेका बेला तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसले नेपालमै पहिलोपटक आफ्नै आन्तरिक स्रोतबाट 'तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण' कार्यक्रम सञ्चालन गरेर भाषा संरक्षण अभियानमा नयाँ इतिहास रचेको छ।

क्याम्पसको आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समितिको आयोजनामा शनिबारदेखि सुरू भएको सातदिने तालिममा तनहुँका विभिन्न पालिकाबाट छनोट भएका २७ जना युवा सहभागी छन्। तालिमपछि उनीहरूले आफ्ना–आफ्ना स्थानीय तहमा पुगेर तमु (गुरूङ) भाषा तथा लिपिको प्रशिक्षण सञ्चालन गर्ने लक्ष्य राखिएको क्याम्पस प्रमुख महाप्रसाद हड्खलले जनाए ।

उनका अनुसार नेपालका सामुदायिक क्याम्पसमध्ये आफ्नै आर्थिक स्रोतबाट प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले यस्तो तालिम सञ्चालन गरिएको यो पहिलो कार्यक्रम हो । सहभागी प्रशिक्षार्थीका लागि क्याम्पसकै छात्रावासमा निःशुल्क आवासको व्यवस्था गरिएको छ ।

**भाषा हराए संस्कृति पनि हराउने चेतावनी**

उद्घाटन समारोहका वक्ताहरूले नयाँ पुस्तामा मातृभाषा बोल्ने र लिपि लेख्ने अभ्यास क्रमशः घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै भाषा संरक्षणलाई अब अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले भाषा र लिपि हराएसँगै समुदायको इतिहास,




संस्कृति, मौलिकता र पहिचानसमेत संकटमा पर्ने भएकाले संस्थागत प्रयास अपरिहार्य भएको बताए ।

**क्याम्पसको सामाजिक दायित्व**

आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समितिका संयोजक ठाकुरबहादुर दरैको अध्यक्षतामा आयोजित कार्यक्रममा व्यास नगर प्रज्ञाप्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले कार्यक्रमको महत्व र आवश्यकताका विषयमा चर्चा गरेका थिए।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनारले समुदायका भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण गर्नु सामुदायिक क्याम्पसको सामाजिक दायित्व भएको उल्लेख गर्दै गत वर्ष मगर भाषासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको र यस वर्ष तमु भाषाको संरक्षण अभियान सुरु गरिएको जानकारी दिए ।

निवर्तमान अध्यक्ष बुद्धिमान श्रेष्ठले क्याम्पसको पहलको प्रशंसा गर्दै यस्ता कार्यक्रमले स्थानीय संस्कृति संरक्षणमा दीर्घकालीन योगदान पुग्ने बताए। सञ्चालक समितिका उपाध्यक्ष श्रीराम कार्कीले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

**सात दिन भाषा र लिपिको गहन प्रशिक्षण**

तालिमको पाठ्यक्रम, प्रशिक्षण मोड्युल तथा उद्देश्यबारे विज्ञ समूहका संयोजक हरिसिंह गुरूङले जानकारी गराएका थिए । क्याम्पस प्रमुख हड्खलेले क्याम्पसले अघि सारेको 'तमु भाषा, साहित्य, कला तथा संस्कृति वर्ष–२०२६' अभियानबारे प्रस्तुति दिएका थिए।

कार्यक्रममा तमु ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद्का केन्द्रीय सदस्य रगबहादुर गुरूङ, जिल्ला संयोजक देवबहादुर गुरूङ, तमु लिपिका विज्ञ भीमबहादुर गुरूङ लगायत केन्द्र, प्रदेश, जिल्ला तथा पालिका तहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

तालिमको पहिलो दिन हरिसिंह गुरूङले गुरूङ भाषाको इतिहास, विकास र वर्तमान अवस्थाबारे प्रशिक्षण दिएका थिए भने गुरूङ लिपिका विज्ञ भीमबहादुर गुरूङले तमु लिपिको संरचना, प्रयोग र संरक्षणका विषयमा सहजीकरण गरेका थिए ।

उक्त तालिममा व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकासहित विभिन्न क्षेत्रका कम्तीमा स्नातक तह अध्ययनरत २७ जना युवाको सहभागिता रहेको छ । प्रशिक्षार्थीहरूले भविष्यमा स्थानीय तहमा भाषा तथा लिपि प्रशिक्षण सञ्चालन गर्दै नयाँ पुस्तामा मातृभाषाप्रति आकर्षण बढाउने विश्वास आयोजकले लिएको छ । रैथाने भाषा संरक्षणमा सरकारीभन्दा अघि सामुदायिक शैक्षिक संस्थाले आफ्नै स्रोतबाट यस्तो अभियान सुरु गर्नु भाषा संरक्षणका क्षेत्रमा उदाहरणीय पहलका रूपमा हेरिएको छ ।

# निर्माणाधिन तनहुँ जलविद्युत .......

न्यूनीकरण, मनसुनअघि नदी किनार संरक्षणका लागि ग्याविन संरचना निर्माण तथा आपत्कालीन सूचना प्रणालीका लागि साइरन जडानका कामलाई तीव्रता दिइएको छ ।

जैविक विविधता संरक्षणका लागि आयोजना क्षेत्रमा मत्स्य ह्याचरी सञ्चालनमा ल्याइएको छ भने मादी नदी क्षेत्रमा 'नो नेट लस' सिद्धान्तअनुसार 'मादी अफसेट योजना' परिमार्जन गर्ने सहमति भएको छ । आयोजना प्रभावित क्षेत्रमा उपभोक्ता समितिमार्फत हालसम्म ९६ वटा सामुदायिक विकास आयोजना सम्पन्न भइसकेका छन्। ट्रस पुल, झोलुङ्गे पुलका लागि लट्ठा आपूर्ति, विद्यालय भवन निर्माणलगायत सात वटा आयोजना कार्यान्वयनको चरणमा छन् ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम अन्तर्गत ऋषिङ गाउँपालिका–८ पल्ट्याङका मगर समुदायका महिलालाई बेमौसमी तरकारी खेती, वित्तीय साक्षरता, कृषि सामग्री तथा हाते ट्र्याक्टर वितरण गरिएको छ। साथै, मध्यवर्ती क्षेत्रभित्रको जग्गा अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रियालाई पारदर्शी बनाउन मुआब्जा निर्धारण समितिका पदाधिकारीलाई सुरक्षण नीति सम्बन्धी अभिमुखीकरणसमेत सञ्चालन गरिएको छ ।

यसैबीच, तनहुँ हाइड्रोपावर लिमिटेडले प्रवर्द्धन गर्न लागेको १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेश गरिएको छ भने प्रभावित क्षेत्रको स्थलगत अध्ययन, तथ्याङ्क संकलन तथा अन्वेषण सुरूङ पोर्टल निर्माण कार्य सम्पन्न भइसकेको कम्पनीले जनाएको छ।

आयोजनाको निर्माण प्रगतिसँगै निर्धारित समयभित्र उत्पादन सुरू गर्ने लक्ष्यतर्फ काम अघि बढिरहेको छ । आयोजना सम्पन्न भएपछि राष्ट्रिय विद्युत् प्रणालीमा थप १४० मेगावाट विद्युत् थपिनेछ, जसले देशको ऊर्जा सुरक्षा सुदृढ गर्नुका साथै औद्योगिक विकास र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

facebook twitter



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

नीलो बस २०७९ को चुनावपछि चितवनमै असफल भईसकेको एक फन्टुस अबधारणा हो । केही महिनापछि आफै हराएर जान्छ । दीगो संरचना बिना निःशुल्क बजार अर्थतन्त्रभित्र संभव हुँदैन । अझ महिलाका लागि मात्रै भन्नू त विभेद हो। सके सबै नागरिकलाई सेवा दिए भो नि! महिला एक्लै हिड्न वा बस चड्न पर्ने हो र ?



**Sanjeev**
x.com/sanpokh

कांग्रेसको उदेकलाग्दो किचलो
नेपाली कांग्रेसका नेताहरूबिच अहिले भइरहेको 'लेनदेन' र 'सम्झौता'बारेका समचार उदेक मानेर पढिरहेको छु।
मलाई पुराना पुस्ताका नेताहरूप्रति धेरै गुनासो छैन । उनीहरूले अहिले जे गरिरहेका छन् त्योबाहेक केही गर्न जानेका छैनन् । यही गरिरहने छन् ।
गगन, विश्वप्रकाश र विशेष महाधिवेशनबाट चुनिएका अरु नेताहरूले चाहिँ पार्टीमा भएका पुराना पदाधिकारी जोगाउन किन मरिहत्ते गरेका होलान् ?! यसका लागि अन्तहिन छलफल र सम्झौता किन गरिरहन परेको होला ?
कतिजना पुराना, नाम चलेका नेतालाई समेटेर रास्वपाले गएको निर्वाचनमा दुइतिहाई ल्याएको हो?! शेखर, मीनबहादुर, पूर्ण, प्रकाशमानको अनुहार देखाएर भविष्यमा कति जनताको मन जित्ने विचार छ?!
गगन, विश्वप्रकाशले विशेष महाधिवेशन गरेको 'अब पहिलेको काइदा, ध्यान, शैलीले पार्टी चल्दैन –नयाँ ढङ्गले संगठित हुनुपर्छ' भनेर होइन? भएभरका घिसापिटालाई फकाउन किन समय र ऊर्जा खर्च गरेको ?! यही हो पार्टीलाई सशक्त र सान्दर्भिक बनाउने तरिका ?! समाचार हेर्दा त नेपाली कांग्रेस इतर र भितरको लडाईंले नै अर्को ५ वर्ष थला पर्ला जस्तो देखियो। कि कसो ?!

# बन्दीपुरका कृषकलाई मौरी सहितका घार वितरण

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकाले कृषकहरूको आयआर्जन वृद्धि गर्ने उद्देश्यले मौरीसहितका घार वितरण गरेको छ । गाउँपालिकाको कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत गाउँपालिका अध्यक्ष सुरेन्द्रहादुर थापा र उपाध्यक्ष पञ्चमाया गुरूङको पहलमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।



कार्यक्रममार्फत गाउँपालिकाका ६ वटै वडाका छनोट भएका कृषकलाई मौरीसहितका घार हस्तान्तरण गरिएको कृषि विकास शाखाले जनाएको छ। मौरीपालनलाई प्रोत्साहन गरी कृषकको आम्दानी बढाउनुका साथै मह उत्पादनमार्फत स्वरोजगार सिर्जना गर्ने, कृषि उत्पादनमा परागसेचनको प्रभावकारिता बढाई उत्पादनशीलता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले कृषि क्षेत्रमा व्यवसायिकता विस्तार गर्दै कृषकको आर्थिक अवस्था सुदृढ बनाउन आगामी दिनमा पनि यस्ता आयमूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४